# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ढल्केबर, धनुषा

पत्र संख्या - २०७९/०८०
चलानी नं. - ८०५

**(शिक्षा, युवा तथा खेलकुद शाखा)**

मधेश प्रदेश, नेपाल

मिति: २०७९/८/२८

श्री सम्पुर्ण सामुदायिक बिद्यालयहरू
मिथिला नगरपालिका, धनुषा ।

**विषय :-** प्रस्ताव पेश गर्ने बारे ।

प्रस्तुत विषयमा यस नगरपालिकालाई चालु आ.व. २०७९/८० मा संघीय सरकारबाट वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त सशर्त अनुदान अन्तर्गतको विद्यालय क्षेत्र विकास कार्यक्रमको क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत तपसिलको कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयहरूले रीतपूर्वक वि.व्य.स.को निर्णय सहित १५ दिन भित्र प्रस्ताव पेश गर्नको लागि आव्हान गरिन्छ ।तपसिल

| क्र.सं. | कार्यक्रम | लक्ष्य | एकाइ लागत | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | १ | ६ लाख ५० हजार | ६ लाख ५० हजार | |
| २. | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यस्थापन (फिक्सिङ, पुस्तक खरिद तथा इ-पुस्तकालय समेत) | १ | ६ लाख ५० हजार | ६ लाख ५० हजार | |
| ४. | तोकिएको सूचाङ्कको आधारमा कार्यसम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान | ४ | ५० हजार | २ लाख | |
| ५ | नमुना बिद्यालयमा कार्य सम्पादन करारका अधारमा प्र.अ. र शिक्षकका लागि बिद्यालयमार्फत प्रोत्साहन अनुदान | १ | २ लाख | २ लाख | |
| ६ | नमुना बिद्यालयको शैक्षिक तथा ब्यवस्थापकीय योजना कार्यान्वयन अनुदान | १ | ५० लाख | ५० लाख | |

<u>प्रस्ताव पेश गर्ने आधारहरू</u> -

१. गत विगतमा यस्तो प्रकृतिको अनुदान प्राप्त नगरेको । २. बेरूजु नरहेका । ३. बुँदा नं. ४ को लागि तोकिएको ढाँचामा कार्यसम्पादन मूल्यांकन भरेको र सिकाइ समय कार्ड । कक्षा ८,१० र १२ को ८,१० र १२ कोऔसत नतिजा । बुदा नं १ कोलागि उपयुक्त कक्षाकोठा र विज्ञान शिक्षक रहेका,बिद्यार्थी संख्या उच्च रहेका र नमुना बिद्यालय बिकास एवं संचालन निर्देशिका २०७४ मा उल्लेखित मापदण्ड पालना गर्ने बिद्यालयहरू ।५. बुँदा नं. ५ र६ का लागि नमुना बिद्यालय बिकास एवं संचालन निर्देशिका २०७४( संशोधनसहित)छनोट भएका प्र.अ. र गुरूयोजना कार्यानवयन गर्न बिब्यसको सिफारिस र सम्झौता। ,स्वीकृत गुरूयोजनाअनुरूप वार्षिक कार्यान्वयन योजनाअनसार तत्कालिनरूपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरू,छात्रावास ब्यबस्थापन,सैक्षिक सुशासनका न्युनतम सर्तहरू पुरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिकपूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव पेस गर्ने ।

रचिन्द्र डङ्गोल
प्रमुख प्रशासकीय अधिकृत

## २.८.९ क्रियाकलाप नं २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान

**उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया**

९.१. यस क्रियाकलापमा निम्नानुसारका उपक्रियाकलापहरूको बजेट समावेश गरिएको छ । कार्यक्रमका कार्यान्वयन गर्दा प्रथममतः स्वीकृत बजेटको परिधिभित्र रही निर्धारित दररेट अनुसार विद्यालयमा अनुदान दिने ।

| उपक्रियाकलाप | इकाइ लागत |
|---|---|
| तोकिएको सूचङ्काको आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान( Performan based Grants) | प्रति विद्यालय वार्षिक रू. ५० हजार |
| उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरणका लागि प्रोत्साहन अनुदान | प्रति विद्यालय वार्षिक रू. २ लाख |
| विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फिक्सीङ, किताव खरिद, तथा इ पुस्तकालयसमेत) | प्रति विद्यालय वार्षिक रू. ६ लाख ५० हजार |
| विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | प्रति विद्यालय वार्षिक रू. ६ लाख ५० हजार |
| नमुना विद्यालयमा सेवा अनुवन्धका आधारमा नियुक्ति हुने प्र.अ र शिक्षाकका लागि विद्यालयमार्फत प्रोत्साहन अनुदान | प्रति विद्यालय रू. २ लाख |
| शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरूलाई एकमुष्ठ अनुदान | प्रति विद्यालय रू. १० लाख |
| नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि कार्यसम्पादनमा आधारित अनुदान | प्रतिविद्यालय ३० लाखदेखि ५० लाख सम्म |
| पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन | प्रति विद्यालय १० लाख |

**९.२. तोकिएको सूचकाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (Performance based Grants) :**

विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ मा उल्लेखित कार्य सम्पादन मूल्याङ्कन सूचकका आधारमा विद्यालयलाई प्रस्ताव पेस गर्न लगाउने । प्राप्त प्रस्तावका आधारमा विद्यालयको कार्यसम्पादन स्तरको मूल्याङ्कन गरी प्रति विद्यालय रू ५० हजारका दरले अनुदान उपलब्ध गाराउने । विद्यालयले प्राप्त अनुदान विव्यसको निर्णय अनुसार शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने । यस प्रकारका कार्यसम्पादनमा आधारित अनुदानहरू दिंदा कुनै पनि विद्यालयलाई दोहोरो नपर्ने गरी दिनुपर्नेछ । साथै अनुदान दिनपूर्व विद्यालयले शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधि,२०७४ लागु गरेको सुनिश्चितता हुनुपर्नेछ । यो कार्यविधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट www.cehrd.gov.np मा उपलब्ध छ । विद्यालयका प्रस्ताव मूल्याङ्कन गर्न स्थानीय तहका शिक्षा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा

**जिम्मेवारी**

**मुख्य जिम्मेवार**
- गाँउपालिका/नगरपालिका
- विद्यालय
- विद्यालय व्यवस्थापन समिति

**सहजीकरण/समन्वय**
- शिक्षा विकास तथा समन्वय इकाइ

**प्रगति सूचक**
- प्रोत्साहन अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या
- पुस्तकालय अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या
- विज्ञान - अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या
- प्रोत्साहन भत्ता प्राप्त गर्ने प्रअ शिक्षक सङ्ख्या
- प्रगति प्रतिवेदन
- एकमुष्ठ अनुदान प्राप्त विद्यालय
- त्रैमासिक प्रतिवेदनहरू
- IEMIS प्रतिवेदन
- शिक्षकका लागि पेसागत सहयोग उपलब्ध गराईएका विद्यालय/शिक्षक सख्या
- पढ्दै कमाउँ कार्यक्रमका लागि अनुदान प्राप्त ग विद्यालय सङ्ख्या

**उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया**

विद्यालयका प्रधानाध्यापक, अर्थिक शाखाको प्रतिनिधित्व हुने गरी ५ सदस्यीय प्रस्ताव मूल्याङ्कन समिति गठन गरी सो समितिले निर्धारण गरेको कार्यविधि अनुसार कार्यसम्पनदन गर्ने।

**९.३. उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (Performance based Grants) :**

स्थानीय तहले उत्कृष्ट विद्यालयलाई अनुदान उपलब्ध गराउने प्रयोजनका लागि विद्यालय छनोट गर्दा कक्षा ८, कक्षा १० र कक्षा १२ को परीक्षा नतिजा, शिक्षक उपस्थिति विद्यार्थी सङ्ख्या, सिकाइ उपलब्धि विद्यार्थी कक्षा छाडने दोहोर्याउने दर विद्यलय बाहिरका बालबालिकाको सङ्ख्यात्मक अवस्था जस्ता आधारमा कम्तीमा १०० पूर्णाङ्क रहने गरी मापदण्ड निर्धारण गर्ने । सो मापदण्ड विद्यालयमा उपलब्ध गराई यस प्रकृतिको अनुदान प्राप्तिका लागि प्रस्ताव पेस गर्न लगाउने । मापदण्डका आधारमा विद्यालयको प्राप्त गर्ने अङ्कसहित विद्यालयले सिकाइ उपलब्धिमा थप वृद्धि गर्न र आफ्ना असल अभ्यासहरू न्यून सिकाइ उपलब्धि भएका विद्यालयहरूलाई अनुभव आदान प्रदान गर्नका लागि प्रवर्तनात्मक क्रियाकलापसहितको प्रथम त्रैमासिकभित्र पेस गर्न लगाउने । स्थानीय तहले विद्यालयले पेस गरेको प्रस्तावको मूल्याङ्कन गरी स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही स्थानीय तहभित्रका उत्कृष्ट नतिजा हासिल गर्ने सफल एउटा विद्यालयलाई एकमुष्ठ रू. २ लाख प्रोत्साहन स्वरूप अनुदान रकम अनुदान उपलब्ध गराउने। विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रूपमा पठाउने। स्थानीय तहले प्रस्तावअनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्ने।

**९.४. विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थाण्न (फर्निसिङ, किताव खरिद, तथा इ-पुस्तकालयसमेत) (छनोट भएका विद्यालय) :**

विद्यालय छनोट गर्दा देहायका आधारमा प्राथामिकता तय गरी विद्यालय छनोट गर्ने:

क) पुस्तकालय नभएका माध्यमिक विद्यालयहरू

ख) गत विगत आ.व.मा पुस्तकालय व्यवस्थापन अनुदान प्राप्त नगरेका माध्यमिक विद्यालयहरू

ग) विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालयहरू

घ) पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षाकोठा रहेका विद्यालयहरू

ङ) स्थानीय तहका सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरूलाई अनुदान उपलब्ध गुराउन सकिनेछ।

९.५. छनोट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ठ ६ लाख ५० हजारका दरले अनुदान दिने। उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम,शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने। लाईब्रेरीका लागि आवश्यक फर्निचरहरू जस्तै: पुस्तक र्‍याक, बसाइ व्यवस्थाका लागि कुर्सी टेवुल लगायतका सामग्रीहरू व्यवस्था गर्न कुल बजेटको २५% सम्म बजेट सार्वजनिक खरिद ऐन अनुसार खर्च गर्ने। विद्यालयले खरिद गरेका पुस्तकहरूको सूची अनिवार्य रूपले स्थानीय तहमा पेस गर्नु पर्नेछ।

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **द्रष्टव्य:**<br>• *यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको पठन पाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्रीहरू खरिद गर्न पाइने छैन।*<br>• *विद्यालयले पुस्तकालयमा पुस्तक व्यवस्था गर्दा कक्षा ११ र १२ का ऐच्छिक विषयका पाठ्यपुस्तकहरू अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ।*<br>**९.६. विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान** : विगतमा यस प्रकृतिको अनुदान नपाएका माध्यमिक विद्यालयहरूको पहिचान गरी प्रति विद्यालय रू ६ लाख ५० हजारको दरले विद्यालयलाई एकमुष्ठ उपलब्ध गराउने । यसरी अनुदान दिंदा विद्यालयको विद्यार्थी सङ्ख्या, जेष्ठतासमेतलाई आधार मानी सूची बनाउने । यसै गरी विज्ञान विषय पढाइ भएका विद्यालय, प्राविधिक धार सञ्चालित विद्यालय र नमुना विद्यालयलाई प्रदान गर्ने तर यस प्रकृतिको बजेट विगत वर्षमा त्यस्ता विद्यालयले प्राप्त गरेको भए दोहोरो नदिने । यदि यस शीर्षकमा रकम बचत भएमा आधारभूत (निम्न माध्यमिक) तह सञ्चालन भएको विद्यालयलाई उपलब्ध गराउने । यस शीर्षकबाट रकम प्राप्त गरेका विद्यालयहरूले नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४(संसोधनसहित) को अनुसूचीमा उल्लेखित मापदण्डका आधारमा विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने । स्थानीय तहका सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको भए उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा रहेको आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयहरूलाई अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>**९.७. नमुना विद्यालयमा कार्यसम्पादन करारका आधारमा** प्र.अ. **र शिक्षकका लागि विद्यालयमार्फत प्रोत्साहन अनुदान:** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट छनोट भई नमुना विद्यालयको गुरूयोजनासमेत स्थानीय तहबाट स्वीकृत भई सञ्चालनमा रहेका विद्यालयमा नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४(संसोधनसहित) बमोजिम छनोट भएका प्र.अ. तथा माध्यमिक तहका विषयगत शिक्षकहरूले गुरुयोजना कार्यान्वयन गर्नका लागि अतिरिक्त समयमासमेत खटनुपर्ने र विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धि गर्नका लागि स्रोत सामग्रीको व्यवस्थापनमा सहयोग गर्न यो प्रोत्साहन प्राप्त गर्नेछन् । यसका लागि प्रति विद्यालय रू २ लाखका दरले बजेट व्यवस्था भएको छ । विद्यालय व्यवस्थापन समितिले विनियोजित रकममध्ये पचास प्रतिशत प्रधानाध्यापक र पचास प्रतिशत अन्य विषयगत शिक्षकहरूसँग अनुसूची १३ मा उल्लेख गरिएका विषयवस्तु समावेश गरी नतिजामा आधारित कार्यसम्पादन करार गर्नुपर्नेछ । कार्यसम्पादन सम्झौता बमोजिमको नतिजा विद्यालय व्यवस्थापन-समितिबाट सिफारिस प्राप्त भएपछि अनुदान उपलब्ध गराउने । नमुना विद्यालयका प्र.अ. तथा शिक्षकका लागि यो शीर्षकबाट प्राप्त हुने बजेट मात्र प्रोत्साहन अनुदानका रूपमा उपलब्ध गराउने ।<br>**९.८. शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरूलाई एकमुष्ठ अनुदान :** यस क्रियाकलापमा बजेट विनियोजन रहेका स्थानीय तहले केन्द्रको वेबसाइटमा रहेका वार्षिक एकमुष्ठ अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि,२०७६ मा उल्लेखित अनुदान प्राप्त गर्ने सर्त पूरा गरेका सुनिश्चितता भए नभएको यकिन गरी सर्त पूरा गरेका विद्यालयलाई देहाय आधारमा भाद्र मसान्तभित्र अनुदान उपलब्ध गराउने:<br>क) अनुदान लिने विद्यालयसँग केन्द्रले तोके अनुसारको ढाँचामा विद्यालय सञ्चालनका लागि करार सम्झौता गर्ने,<br>ख) छनोटमा परेका विद्यालयलाई स्थानीय तहले करार सम्झौता अनुसार काम सम्पादन गर्ने सर्तमा प्रति विद्यालय वार्षिक एकमुष्ठ रु १० लाख अनुदानको रकम निकासा गर्ने, | | |

ग) विद्यालयले कार्यसम्पादन करारमा उल्लेखित सर्त अनुसार कार्य सम्पादन भए नभएको नियमित अनुगमन गरी सोको कार्य प्रगति केन्द्रमा पठाउने,

घ) स्थानीय तहले दरबन्दी मिलानमा दरबन्दी प्रस्ताव नगर्ने । यस पूर्व कुनै प्रकारको दरबन्दी तथा राहत अनुदान प्राप्त नगरेको सुनिश्चित गरी मात्र निकासा दिने,

ङ) सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनु पर्ने विद्यालयमा नपर्ने विद्यालयहरूलाई मात्र अनुदान उपलब्ध गराउने,

च) कार्यविधिमा विद्यालयलाई उल्लेखित क्षेत्रमा रकम खर्च रकम नपुग भएमा स्थानीय तहबाट थप रकम उपलब्ध गराउन सकिने,

छ) धार्मिक प्रकृतिका विद्यालयहरूलाई छुट्टै अनुदान जाने भएकाले उक्त विद्यालयहरूले यस प्रकारको अनुदान पाएका रहेछन भने उक्त अनुदान रोक्का राखी कार्यविधिमा उल्लेखित शर्त बमोजिमका विद्यालयलाई बाँकी भए स्थानीय तहकै निर्णयमार्फत अर्कै विद्यालयलाई रकम निकासा दिन केन्द्रमा आवश्यक कागजातसहित लेखि पठाउने केन्द्रको निर्णय पश्चात अनुदान उपलब्ध गराउने तर कार्यविधि बमेजिमका विद्यालय बाँकी नभए सो अनुदान खर्च नगर्ने,

ज) एकमुष्ठ अनुदान खर्च गर्न कार्यविधिमा तोकिएका आधारहरू भित्रै रही दोहोरो नपर्ने गरी खर्च गर्न सकिनेछ । जस्तै कुनै विद्यालयमा बालविकास शिक्षक पहिलेदेखि नै कार्यरत रहेका छन् र त्यस्ता विद्यालयलाई यस प्रकारको अनुदान खर्च गर्दा बालिवकास शिक्षकमा अनुदान खर्च नगरी बचत भएको रकम सोही आधारको अर्को शीर्षकमा थप गरी खर्च गर्न सकिने,

झ) एकमुष्ठ अनुदान प्राप्त विद्यालयलाई अन्य सामुदायिक विद्यालय सरह दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति लगायतका अनुदान उपलब्ध गराउने।

ञ) विद्यालयले कार्यविधिले तोकेको क्षेत्रमा मात्र रकम खर्च गर्ने । कार्यविधि केन्द्रको वेबसाइट www.cehrd.gov.np को निर्देशिका खण्डमा रहेको छ।

**९.१२. नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान :**

यस निर्देशिकाको अनुसूची १० को खण्ड "क" "ख" र "ग" मा उल्लेखित विद्यालयलाई स्वीकृत गुरूयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वयन योजना अनुसार नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४(संसोधनसहित) मा उल्लेखित तत्कालीन रूपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरू, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न भौतिक पूर्वाधार विकासका लागि बिनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेस गर्न लगाउने । यस आवमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी को खण्ड "क" र "ख" मा उल्लेखित विद्यालयका लागि रु ३० लाख, "ग" र "घ" विद्यालयलाई रू ५० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने । विद्यालयले सम्झौता अनुरूप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाउने ।

**९.१३. पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन :**

क) गत वर्ष अनुदान प्राप्त गरेका विद्यालयको कार्य प्रगतिको अवस्था यकिन गर्ने,